# शिवसताक्षी नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ३) झापा, मंसिर २५ गते, २०७६ साल (संख्या ३**

## भाग २
## शिवसताक्षी नगरपालिकाको
## सूचना

### शिवसताक्षी नगरपालिका पशुसेवा विकास कार्यक्रम संचालन कार्यविधि, २०७६

**प्रमाणिकरण मितिः-२०७६।०८।२५**

**प्रस्तावनाः**

शिवसताक्षी नगरपालिकाबाट सन्चालन हुने पशुसेवा सम्बन्धि कार्यक्रमलाई सरल, छिटो, छरितो, पारदर्शी, प्रभावकारी एवं सेवामुखी वनाउन तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन कार्यक्रम निश्चित विधि र प्रक्रिया अन्तरत एकरुपता कायम राखी सञ्चालन गर्न वाञ्छनीय भएकोले,

शिवसताक्षी नगरपालिकाले शिवसताक्षी कृषि तथा पशुपालन ऐन २०७५ को दफा १३ ले दिएको अधिकार प्रयोग गरि यो कार्यबिधि वनाई जारी गरेको छ ।

शिवसताक्षी नगरपालिका, झापा

## परिच्छेद-१
## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "पशुसेवा विकास कार्यक्रम संचालन कार्यविधि, २०७६" हुनेछ ।

ख) यो कार्यविधि शिवसताक्षी नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा**

क) "नगरपालिका" भन्नाले शिवसताक्षी नगरपालिका लाई जनाउदछ ।

ख) "कार्यालय प्रमुख" भन्नाले नगरपालिकाको कार्यलयप्रमुखलाई जनाउदछ ।

ग) "साझेदार" भन्नाले लागत सहभागितमा कार्यक्रम सन्चालन गर्न इच्छुक निजी क्षेत्र, कृषक र व्यवसायी समेतलाई जनाउँदछ ।

घ) "साझेदारी" भन्नाले पशुपन्छी व्यवसाय प्रवद्धन कार्यक्रम संचालनका लागि दुइ वा दुइ भन्दा वढी सरकारी निकायहरु वा सरकारी एवं गैरसरकारी क्षेत्र विच दुईपक्षिय/वहुपक्षिय सम्झौताका अधारमा हुने लागत सहाभागितालाई जनाउदछ ।

ङ) "पशुजन्य वस्तु" भन्नाले घरपालुवा पशुपन्छी तथा माछाजन्य ताजा वा नासवान वस्तु सम्झनु पर्दछ ।

च) "मासु पसल" भन्नाले उपभोक्तहरुलाई स्वच्छ, स्वस्थ्य, एवं गुणस्तरिय मासुतथा मासुजन्य उत्पादनहरु बिक्रि वितरण गर्न स्थानीय तहमा सूचिकृत भएको मासुबिक्रि स्थल सम्झनु पर्छ ।

छ) "डेरी पसल" भन्नाले उपभोक्तालाई स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय दुध तथा दुग्धजन्य उत्पादनहरु बिक्रि वितरण गर्ने उद्देश्यले स्थापित दूध वा दूग्धजन्य पदार्थ बिक्रिस्थल सम्झनु पर्दछ ।

ज) "पशुपन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेडा, बाखा, वंगुर जस्ता चौपाया तथा कुखुरा, हाँस, परेवा अष्ट्रिच, टर्की जस्ता पन्छी र माछा तथा सो खाले सवै जाति र उमेरका भाले र पोथीलाई समेत जनाउदछ ।

झ) "विशेषज्ञ" भन्नाले पशु स्वास्थ्य सेवा सम्बन्धि विषयमा विशेषज्ञता हासिल गरेको व्यक्ति सम्झनु पर्छ ।

ञ) "प्राविधिक" भन्नाले सम्बन्धित कार्यलयमा कार्यरत प्राविधिक कर्मचारीलाई जनाउदछ ।

**३. उद्देश्यः**

क) पशुपन्छी व्यवसाय प्रवद्धन कार्यकमहरु निश्चित विधि र प्रक्रिया अन्तरगत एकरुपता कायम राखी संचालन गर्ने ।

ख) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय पशुजन्य पदार्थको उत्पादन , प्रसोधन, विविधिकरण, वितरण र उपभोक्तामा टेवा पुऱ्याउने ।

ग) पशुउत्पादन पकेटहरुको वजारसम्मको पहुच विस्तार, पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनको व्यवसायीकरण र बजारिकरणमा टेवा पुऱ्याउने ।

घ) पशुजन्य व्यवसायमा यान्त्रीकिकरण प्रवर्द्धन गर्ने ।

ङ) पशुतथा पशुजन्य पदार्थको उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिबृद्धिमा सघाउ पुऱ्याउने ।

## परिच्छेद २
## कार्यक्रम संचालन सम्बन्धि व्यवस्था

**४. कार्यक्रम कार्यान्वयन प्रक्रियाः कार्यक्रमहरु देहायबमोजिम संचालन गरिने छ ।**

१) नगरपालिकाले स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि अनुसूची १ वमोजिमको १५ दिने सार्वजनिका सूचना टाँस गरि प्रस्ताव आव्हान गर्ने छ ।

२) सूचनामा उल्लेख भए बमोजिम कार्यक्रम संचानका लागि उपयुक्त र इच्छुक प्रस्तावकहरुले अनुसूची २ वमोजिमको आवेदन, अनुसूची ३ बमोजिमको व्यवसाय योजना, अनुसूची ४ बमोजिमको लागत साझेदारी प्रतिवद्धता पत्र, अनुसूची ५ बमोजिमको स्वघोषणा, अनुसूची ६ बमोजिमको सम्बन्धित निकायको सिफारिस र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखि निर्धारित समय भित्र नगरपालिकामा आवेदन दर्तागर्नु पर्ने छ ।

३) दफा ४ को उपदफा १ बमोजिम सूचनाका आधारमा निर्धारित समयभित्र पर्याप्त प्रस्तावहरु दर्ताहुन नआएमा नगरपालिकाले ७ दिन म्याद थप गर्न सक्नेछ ।

४) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।
५) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरीफिकेशन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मुल्याकंन तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| क) कार्यलय प्रमुख वा निजले तोकेको अधिकृत स्तर प्राविधिक | -संयोजक |
| ख) योजना शाखा प्रमुख | सदस्य |
| ग) खरिद ईकाइ प्रमुख | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) कार्यक्रम हेर्ने फोकल पर्सन | सदस्य सचिव |

*नोटः समितिमा बढिमा २ जना सम्म आमन्त्रण गर्न सकिने छ ।*

६) प्रस्ताव मूल्याकंन तथा सिफारिस समितिले आवश्यक ठानेमा रितपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट सहितको सूची पेश गर्नको लागि सम्बन्धित शाखाको कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछ ।

शिवसताक्षी नगरपालिका, झापा

७) प्रस्ताव मूल्यांकंन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि अनुसूची ७ बमोजिम फिल्ड भेरिफिकेशन गर्नेछ । साथै आवश्यक ठानेमा समिति स्वयंले सम्बन्धित वडा अध्यक्षको उपस्थितिमा सिफारिस पूर्व स्थलगत निरिक्षण गर्न सक्नेछ ।

८) प्रस्ताव मुल्यांकंन तथा सिफारिस समितिले अनुसूची ८ वमोजिम प्रस्तावहरुको मुल्यांकंन गरि प्राथमिकिकरण सहितको सूची स्वीकृतीको लागि कार्यलय प्रमुख समक्ष पेश गर्ने छ ।

९) कार्यलय प्रमुखको स्वीकृती पश्चात छनौट भएका र बैकल्पिक छनौटमा परेका प्रस्तावहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकि नगरपालिकाको सूचना पाटीमा सूचना टाँस गरिनेछ ।

**५) सम्झौताः**

१) स्वीकृत प्रस्तावका आवेदक संग नगरपालिकाले अनुसूची ९ बमोजिमको द्विपक्षिय सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नेछ ।

२) तोकिएको अवधि भित्र द्विपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावक संग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३) द्विपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

**६) अनुदान प्रवाहका शर्तहरु**

१) प्रस्तावित कार्यक्रमका लागि योग्यता पुगेका संस्थागत प्रस्तावकहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिमको निकायमा विधिवत दर्ता भएको हुनु पर्ने छ ।

२) विगत ३ वर्ष भित्र भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय वा मातहतका निकाय एवं सघीय सरकार अन्तरगत कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा मातहतका निकायहरुबाट र नगरपलिकाबाटसोहि प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदक पुन अनुदानको लगि योग्य मानिने छैन तर अपुरो निर्माण कार्य वा कार्यक्रमलाई पुर्णता दिइ सञ्चालमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पुन अनुदान प्रदान गर्ने वाधा पर्ने छैन ।

३) साझेदारले मेशिनरी, उपकरण, ढुवानीको साधन र अन्य विशिष्टिकृत सामानहरु खरिद गर्दा सो को स्पेशिफिकेशन, कोटेशन र निर्मित कम्पनी/फर्म आदिको विवरण सम्बन्धित कार्यलयमा पेश गरि पूर्व स्वीकृति लिएर मात्र खरिद गर्नु पर्नेछ । साथै यस्तो खरिद कार्य गर्दा नियमानुसार आधिकारिक भ्याट/प्यानमा दर्तावाल व्यावसायिक फार्मले जारी

गरेको विल बिजक पेश नगरेको खण्डमा नगरपालिका कार्यलयले सम्झौत मुताविकको रकम भुक्तानी दिन बाध्य हुने छैन ।

४) अनुदानको लागि प्रस्ताव पेश गर्ने संगठित संस्थाको हकमा नियमानुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको, स्थाई लेखा नम्बर प्राप्त गरेको, नियमित लेखा परिक्षिण गरेको र कुनै कारवाहीमा नपरेको हुनु पर्नेछ ।

५) अनुदान रकम दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदान ग्राहिबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह रकम असुली र कारवाही हुनेछ ।

६) प्रस्तावकले तोकिएको हकमा सोहि बमोजिमको र अन्यको हकमा कम्तिमा २५ प्रतिशत लागत साझेदारी गरेको हुनु पर्नेछ ।

७) अुदानमा स्थापना भएको उपकरण, भौतिक संरचना, सामाग्रीहरु अन्य कार्यमा प्रयोग गर्ने पाईने छैन ।

**७. भुक्तनीको प्रक्रिया :**

१) सम्बन्धित अनुदान ग्राहिले सम्झौता बमोजिमको कार्य सम्पन्न गरेपश्चात अनुसुची १० वमोजिमको कार्यसम्पन्न प्रतिवेदन सहित बिल बिजक, दाखीला प्रतिवेदन एवं फोटोग्राफ आदि आवश्यक कागजात संलग्न राखी भुक्तानीको लागि अनुरोध गरेमा नगरपालिकाले स्थलगत निरिक्षण एवं मुल्याङ्कन गरि मनासिव ठहरेमा सम्झौता अनुसारको रकम एकमुष्ट भुक्तानी दिनेछ ।

२) बार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधिभित्र रही संचालनको लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिने छ । साथै कार्यक्रम तोकिए बमोजिमको लागत साझेदारीमा सञ्चालन हुनेछ ।

**८. कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्वः**

१) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धि जिम्मेवारी र दायित्व नगरपालिकाको हुनेछ ।

२) सम्झौता बमोजिमको कार्य निर्धारित समयभित्र गुणस्तर कायम राखि सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

३) अनुदानग्राहिले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन समय समयमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनुपर्ने छ ।

शिवसताक्षी नगरपालिका, झापा

**९. अनुगमन र मुल्याकंन:**

१) आवश्यकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित विज्ञ र प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मुल्याकंन गर्न सकिने छ।

२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका सर्तहरु पालना भए/नभएको सम्बन्धमा नगरपालिकाले नियमित अनुगमन गर्नेछ।

३) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकताअनुसार निर्देशन दिन सक्ने छ र यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ।

४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरि अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारिको लागि राख्नु पर्नेछ।

## परिच्छेद ३
## व्यवसायिक फार्म प्रवर्द्धन कार्यक्रम

१०. शिवसताक्षी नगरपालिका अन्तरगतका व्यवसायिक कृषक हरुको आय आर्जन तथा स्वरेजगारको महन्वपूर्ण हिस्सा वन्दैगरेको पशुपालन तथा पशुपन्छी जन्य व्यवसायमा समय समयमा विभिन्न आन्तरिक तथा वाह्य परजिविको आक्रमण, नियमित खोपसेवा प्राप्त नभएको तथा जैविक सुरक्षा व्यवस्थापन हुन नसकेको, फार्महरुको व्यवसथापकिय कार्य चुनौतिपुर्ण वन्दै गरेको र समग्र व्यवसायिक फार्महरुबाट आशातित प्रतिफल प्राप्त गर्न कठिनाई भएको सन्दर्भमा नगरपालिकाको स्वीकृत कार्यक्रम बमोजिम व्यवसायिक फार्म प्रवर्द्धन कार्यक्रम अन्तरगत प्रदान गरिने अनुदान रकम निम्नानुसाका कार्यहरुम खर्च गर्न सकिने छ।

१) पशुपन्छीको लागि आवश्यक खोप खरिद गरि भ्याक्सिनेसन गर्ने।

२) परजिवि नियन्त्रणका लागि औषधि खरिद र वितरण

३) घाँसको विउ/वेर्ना खरिद तथा वितरण

४) च्याफ कटर खरिद

५) गोठ/खोर सुधार

६) जैविक सुरक्षा तथा बारवन्देज

७) आवश्यक औजार उपकरण खरिद

## परिच्छेद ४
## पशु आहारा विकास कार्यक्रम

**११. घाँसको विउ तथा बेर्ना वितरण:** यस कार्यक्रम अन्तरगत पशुपालक कृषकहरुलाई हरियो घासमा आधारित पशुपालमा प्रोत्साहन गरिने छ । नियमित हरियो घास उत्पादनको लागि सिजन अनुसारको हिँउदे, वर्षे घास, बहुवर्षे घासको विउ वेर्ना वितरण गरिने छ । घरको छेउछाउ, आलि कान्ला, कुलो तथा खोलाको किनार आदिमा लगाउनको लागि विभिन्न जातको डाले घाँसको वेर्नाहरु वितरण गरिने छ । बाह्रै महिना हरियो घाँसको उत्पादन गर्नको लागि निम्न अनुसारको घाँसको विउ निशुल्क वितरण हुनेछ ।

क) टियोसेन्टी

ख) वडहर ,वकाईनो, टाँकी, इपिलइपिल

**१२. सामुदायिक वन क्षेत्रमा घाँस विकास कार्यक्रम:** नगरपालिकाको पशुसेवा शाखाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार शिवसताक्षी नगरपालिका क्षेत्रका सामुदायिक वन क्षेत्रमा घासका विउ वेर्ना लगाइ घाँस विकास कार्यक्रम संचालन गरिने छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकाबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गरिने छ ।

क) डाले घाँसको विरुवा खरिद र रोपण ।

ख) हिउँदे घाँसको विउ खरिद र वितरण ।

ग) वर्षे घाँसको विउ खरिद र वितरण ।

घ) वहुवर्षे घाँसको विउ खरिद र बितरण ।

ङ) घाँसको नर्सरी /श्रोतकेन्द्र स्थापना

च) घाँस खेति गरिएको क्षेत्रको घेरावारा र जैविक वारबन्देज ।

## परिच्छेद ५
## पशुस्वास्थ्य सेवा कार्यक्रम तथा एकिकृत घुम्ती सिविर

**१३. पशु उपचार सेवा:**

१) शिवसताक्षी नगरपालिकाको पशुसेवा केन्द्रबाट पशु उपचार कक्ष संचालन हुनेछ । जसबाट यस नगरक्षेत्र अन्तरगत बसोवास गर्ने कृषकहरुका पशुपन्छी हरुको नियमित उपचार तथा प्राविधिक परामर्श सेवा उपलब्ध गराईने छ ।

२) पशुसेवा केन्द्रको उपचार कक्षबाट मेडिकल उपचार, माइनर सर्जिकल, गाइनाकोलोजिकल, पशु वन्ध्याकरण, प्रयोगशाला सेवा, कृतिम गर्भाधान सेवाहरु प्रवाह हुनेछ ।

३) उपदफा १ र २ वमोजिमको बाहेकका अन्य सघीय सरकार तथा प्रदेश सरकारका कार्यक्रमहरु तोकिएवमोजिम सञ्चालन हुनेछन् ।

४. नगरपालिका क्षेत्र अन्तरगत रहेका पशुहरुमा निम्नानुसारको खोपसेवा सञ्चालन गरिने छ ।

शिवसताक्षी नगरपालिका, झापा

| | |
|---|---|
| गाई/भैसीमा | HSBQ/FMD |
| बाखामा | PPR |
| वंगुरमा | swine fever |
| कुकुरमा | Rabies |

५) पशुहरुमा संक्रामक तथा महामारीजन्य रोगहरु देखिएमा सोको रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरि संचालन गरिने छ ।

**१४. एकिकृत घुम्ति सिविर कार्यक्रम संचालन प्रक्रियाः**

१) कार्यक्रम संचालन गर्दा नगरपालिकाले बार्षिक स्वीकृत कार्यक्रम वजेटको आधारमा रोग निदान, उपचार र घुम्ति सेवा सन्चालन हुने कुराको प्रचार प्रसारको प्रवन्ध गर्ने छ ।

२) कार्यलय प्रमुखले तोकेको प्राविधिकले नगरपालिकामा कार्यरत पशुसेवा शाखाको परामर्शमा नगरभित्र रहेका व्यवसायिक फार्महरुको पहिचान र तिनले भोगेका समस्या सम्बोधन हुनेगरी विशेषज्ञ टोली परिचालन हुने पुर्व तयारी गर्नेछ ।

३) विशेषज्ञ टोलीमा पशुस्वास्थ्य, प्रजनन्, आहारा, र व्यवस्थापन संग सम्बन्धित कम्तिमा २ जना विशेषज्ञहरुको संलग्नता हुनु पर्नेछ ।

४) व्यवसायिक किसिमले गाई, भैसी, वाखा, वंगुर र कुखुरा पालन गर्ने कृषक हरुलाई लक्षित गरि घुम्ति सिविर सन्चालन हुनेछ ।

## परिच्छेद ६
## सचेतना अभिबृद्धि कार्यकम

**१५) गोष्ठी, तालिम तथा अन्तरक्रियाः** नगरपालिका भित्रका अगुवा पशुपालक किसानहरुको लागि आवश्यकता अनुसार पशुविमा सम्बन्धि गोष्ठी तथा अभिमुखीकरण तालिम सञ्चालन गरिने छ । यसका अतिरिक्त आवश्यकता अनुसार नगरपालिका भित्रका पशु स्वास्थ्यकर्मीहरु संग समसामयिक समस्याहरुमा आधारित अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।

**१६) जनशक्ति क्षमता विकास कार्यक्रमः** १) नगरपालिका अन्तरगतका पशुसेवा शाखा/केन्द्र मा रहेका कर्मचारी तथा नगरपालिका भित्रका व्यवसायिक पशुपन्छी फार्म सन्चालक किसान हरुको क्षमता अभिवृद्धि गर्नको लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन तथा सहभागिताको व्यवस्थापन गरिने छ ।

२) उपदफा १ अनुसार संचालन हुने तथा सहभागिता रहने तालिमहरु देहाय अनुसारका हुनेछन् ।

क) सहायक स्तर कर्मचारी तालिम (प्रशिक्षक प्रशिक्षण तालिम समेत)
ख) व्यवसायिक गाई/भैंसी, बाखा, वंगुर र कुखुरा पालक किसान तालिम
ग) स्वच्छ मासु उत्पादन तालिम

घ) स्वच्छ दुध उत्पादन तालिम

ङ) वडा स्तरिय समस्यामा आधारित तालिम

## परिच्छेद ७
## अति विपन्न वर्ग लक्षित कार्यक्रम

**१७. अति विपन्न लक्षित स्वरोजगार कार्यक्रम:**
नगरपालिका क्षेत्र भित्र वसोवास गर्ने अति विपन्न कृषक लाई पशुपालन कार्यमा सहभागी गराई स्वरोजगारी सिर्जना हुने तथा पशुजन्य उत्पादनमा टेवा पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ । जस अन्तरगत बाखा पालन, वंगुर पालन, गाई पालन र भैसीपालन कार्यक्रम संचालन गर्न तोकिए बमोजिमको अनुदान प्रदान गरि अति विपन्न वर्गको आय आर्जनमा टेवा पुग्ने छ ।

## परिच्छेद ८
## पशुपन्छी वजार प्रवर्द्धन कार्यक्रम

**१८. प**शुपन्छी तथा पशुपन्छी जन्य पदार्थको बजारीकरण कार्यक्रम अन्तरगत नगरपालिकामा नियमानुसार दर्ताभइ सन्चालनमा रहेका पशुपन्छी जन्य उत्पादन दुध, फूल र मासुको विविधिकरण तथा बजारीकरणमा टेवा पुग्ने खालका कार्यक्रमहरु निजी सरकारी साझेदारि अनुसार ५०/५० प्रतिशतको लागत सहाभागितामा सन्चालन गरिने छ । यस कार्यक्रम अन्तरगत देहाय अनुसारका कार्यक्रमहरुमा अनुदान प्रदान गर्न सकिने छ ।

**१) डेरी पसल सुधार/निर्माण कार्यक्रम:** यस कार्यक्रम अन्तरगत प्रदान गरिएको अनुदान रकम निम्नानुसारका कार्यहरुमा खर्च गर्न सकिने छ ।

१) डेरी पसलको लागि तोकिएको भण्डारण क्षमता भएको चिलिङ भ्याट खरिद तथा जडान

२) विक्रि कक्ष निर्माण, टायल, मार्वल, फिटिङ्ग, एरेन्जमेन्ट आदि

३) मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज, जेनेरेटर खरिद आदि

**२) मासुपसल सुधार कार्यक्रम:** यस कार्यक्रम अन्तरगत प्रदान गरिएको अनुदान रकम निम्नानुसारका कार्यहरुमा खर्च गर्न सकिने छ ।

१) मासु पसलको कोठा बनाउन, भित्ता र भुइमा टयल लगाउने वा मार्वल विछ्याउने ।

२) मसुजन्य पदार्थ र माछा भण्डारणको लागि डिप फ्रिज, फ्रिज आदिको व्यवस्था ।

३) पशुपन्छी वध गर्दा निस्कने फोहोरको व्यवस्थापन ।

४) पशुपन्छी काटने भुत्ल्याउने र सफा गर्ने स्ल्याव, टेवुल निर्माण गर्ने ।

५) उपकरण खरिद जस्तैः मासु झुण्डयाउने हुक, स्टेनलेस स्टील टेवल, चपिङ्ग टेवल, चक्कुहरु, डिजिटल तराजु, अचानो आदी ।

## परिच्छेद ११
## पशु नश्ल सुधार कार्यक्रम

**१९. कृतिम गर्भाधान कार्यक्रमः** १) यस कार्यक्रम अन्तरगत गाई, भैसी, बाखा र वंगुरमा नियमित कृतिम गर्भाधान सेवा उपलब्ध गराउनको लागि आवश्यक सिमेन, तरल नाइट्रोजन र आवश्यक अन्य लोजिस्टिक सामाग्रीको व्यवस्थापन गरिनेछ ।

**२०. उन्नत जातको वोयर वोका वितरणः** पशुपालका कृषकहरु लाई स्थानीय स्तरमा उन्नत जातको बोयर बोका वितरण गरि सो बाट प्रजनन् गराई नश्ल सुधार गरिने छ ।

## परिच्छेद १२
## मत्स्य विकास कार्यक्रम

**२१. माछा पालन प्रवर्द्धन कार्यक्रमः** यस नगरपालिका अन्तरगतका माछापालक किसानहरुमा माछापालन प्रतिको अभिरुची कायम राखी माछापालन लाई व्यवसायमुखी तथा आय आर्जनको मुख्य श्रोतको रुपमा विकास गर्ने उद्देश्यले यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय अनुसारका मत्स्य विकास कार्यक्रमहरु संचालन गरिने छ ।

१) नयाँ पोखरी निर्माण अनुदान

२) पुरानो पोखरी मर्मत सम्भार अनुदान

३) माछाको भुरा खरिद अनुदान

अनुदान दिने कार्यको प्रक्रिया सम्बन्धमा यस कार्यविधिको दफा ४ अनुसारको प्रकियाहरु अवलम्बन गरिने छ ।

शिवसताक्षी नगरपालिका, झापा

अनुसूची १

प्रस्ताव अव्हानको सूचनाको नमुना

प्रथम पटक प्रकाशित मितिः.................

शिवसताक्षी नगरपालिकाको आ व ..........को स्वीकृत वार्षिक कार्यक्रम मुताविक देहायका कार्यक्रमहरु "पशुसेवा विकास कार्यक्रम संचालन कार्यविधि, २०७६" बमोजिम लागत साझेदारीमा संचालन गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ । थप जानकारीको लागि यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न वा नगरपालिकाको वेभसाईट बाट "पशुसेवा विकास कार्यक्रम संचालन कार्यविधि, २०७६" डाउनलोड गर्न सकिनेछ ।

| क.सं. | कार्यक्रमको नाम | संख्या | लागत साझेदारी रकम | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

प्रस्तावको साथा सम्मिलित हुनुपर्ने कागजाताहरु

१. अनुसुची २ बमोजिम रु १० को हुलाक टिकट टाँस गरेको आवेदन

२. आवेदकको नेपाली नगरिकता प्रमाण पत्रको पतिलिपी ।

३. कार्यक्रम कार्यान्वयनमा प्रकृयामा तोकिए बमोजिमका अनुसूचीहरु ।

४. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी ।

५. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फार्म/व्यवसायदर्ता/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

६. समुह/समिति/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।

७. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

८. अनुसूची ४ वमोजिमको लागत साझेदारी गर्ने प्रतिवद्धता, अनुसूची ५ बमोजिमको स्वघोषणा र अनुसूची ६ बमोजिमको सिफारिस पत्र ।

९. कार्यक्रमको प्रकृति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गर्न सकिनेछ ।

अनुसूची २

आवेदनको नमुना

श्री शिवसताक्षी नगरपालिका
पशुसेवा शाखा ।

विषयः प्रस्ताव पेश गरिएको बारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति …………………को सूचना पाटीमा प्रकाशित सार्वजनिक सूचना मुतविक म निवेदकले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदक
दस्तखत
मितिः
सम्पर्क नं.

प्रस्तवाकको नाम र थरः
स्थायी ठेगानाः
प्रस्वतावित कार्यक्रमको नामः
कार्यक्रम सन्चालन हुने स्थानको पुरा ठेगानाः
संलग्न कागजातहरुको सूची

| क.सं. | संलग्न कागजातहरुको विवरण | सख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

शिवसताक्षी नगरपालिका, झापा

## अनुसूची ३
## व्यवसाय योजनाको नमुना

(क) प्राविधिक प्रस्ताव

| | | | | |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | |
| २ | कार्यक्रम कार्यान्वन स्थानको ठेगाना | | | |
| ३ | आवेदकको नाम | | | |
| ४ | ठेगाना | | | |
| ५ | आवेदकको सम्पर्क नं. | | | |
| ६ | आवेदक संस्था/फार्म/कम्पनी/उद्योग/व्यवसायको दर्ता नं. | | | |
| ७ | दर्ता भएको कार्यालय र मिति | | | |
| ८ | आवेदक संस्था/फार्म/कम्पनी/उद्योग/व्यवसायको उमेर | | | |
| ९ | भ्याट/पान दर्ता नं. | | | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | | | |
| ११ | प्रस्तवकले आफ्नै श्रोतबाट व्याहोर्ने रकम रु | | | |
| १२ | सम्बन्धित कार्यालय संग माग रकम रु | | | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्देश्य | | | |
| १४ | प्रस्तवित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरु | | | |
| १४.१ | सडक सुविधा छ/छैन | | नजिको वजारको नाम | |
| १४.२ | कस्तो सडक (पक्की/कच्ची) | | बजार सम्मको दुरी | |
| १४.३ | बिजुलिको सुविधा छ/छैन | | न.पा. देखिको दुरी | |
| १४.४ | खानेपानीको सुविधा छ/छैन | | जग्गाको स्वामित्व | |
| १४.५ | जग्गा, भवन, मेशिनरी, सवारी साधन उपकरणहरु र पशुहरुको किसिम र संख्या उल्लेख गर्ने । | | | |

| सि.नं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |

| | | |
|---|---|---|
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या | |
| १६ | लक्षित समुदाय अप्रत्यक्ष लाभान्वित हुने संख्या | |

| महिला | दलित | जनजाती | अन्य |
|---|---|---|---|
| | | | |

| | |
|---|---|
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण |
| | |
| | |
| | |
| १८ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु ( बुँदागत रुपमा सम्भव भएसम्म परिमाण समेत |

शिवसताक्षी नगरपालिका, झापा

| | |
|---|---|
| | खुलाउने । |
| १९. | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु ( प्रस्तावित कार्यक्रम संग मेलखाने मात्र) |
| | |
| २० | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने ) |
| | |
| २१ | आवेदक संग विद्यमान जनशक्ति विवरण |
| २२ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकरात्मक असर |
| | |
| २३ | वातावरणिय असर न्यूनिकरणका लागि अपनाईने उपायहरु |
| | |
| २४ | प्रस्तावित कार्यक्रमले श्रृजना गर्ने थप रोजगारीको संख्या |

(२१ अन्तर्गत)

| सि.नं | जनशक्ति विवरण | दक्षता/तालिम | शैक्षिक योग्यता |
|---|---|---|---|
| | | | |
| | | | |

२. आर्थिक प्रस्ताव

प्रस्तावम उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क.सं | मुख्य मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु) | कुल लागत रु | प्रस्तावकको योगदान रु | नपाको अनुदानबाट व्याहोरिने रकम रु | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | जम्मा रु | | | | | |
| | | | | भ्याट रु | | | | | |
| | | | | कुल जम्मा रु | | | | | |

माथि उल्लेखित विवरणहरु ठिक साँचो छ, झुटो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार छु/छौ ।

संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

*नोटः आवेदकको योगदानमा जग्गाको मुल्य र चालुखर्च समावेश गर्न पाईने छैन ।*

अनुसूची ४
लागत साझेदारीको प्रतिवद्धता

शिवसताक्षी नगरपालिका को मिति .................को सार्वजनिक सूचना अनुसार शिवसताक्षी नगरपालिका .............नं. वडा ..............गाँउ/टोल स्थायी ठेगाना भएको श्री ...................................ले लागत साझेदारीमा ....................................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु...............को ...................प्रतिशतले हुन आउने रकम रु .................... अक्षरुपी ....................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्याहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

| बायाँ | दायाँ |
|---|---|
| | |

निवेदकको
दस्तखत:
नाम:
मिति:
संस्थाको छाप:

शिवसताक्षी नगरपालिका, झापा

अनुसूची ५

समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

शिवसताक्षी नगरपालिका को मिति ................को सार्वजनिक सूचना अनुसार शिवसताक्षी नगरपालिका .............नं. वडा ..............गाँउ/टोल स्थायी ठेगाना भएको श्री ...................................ले लागत साझेदारीमा ...................................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि विगत तिन वर्ष भित्र संघिय सरकार वा प्रदेश सरकार मातहतका मन्त्रालय/ निर्देशनलाय/विज्ञ केन्द्रबाट वा यस नगरपालिकाबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

| बायाँ | दायाँ |
|---|---|
| | |

निवेदकको

दस्तखतः

नामः

मितिः

संस्थाको छापः

शिवसताक्षी नगरपालिका, झापा

**अनुसूची ६**
**सिफारिस पत्र**

श्री नगर कार्यपालिकाको कार्यालय
शिवसताक्षी नगरपालिका, व्याङ्गडाँडा, झापा

विषयः सिफारिस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा शिवसताक्षी नगरपालिका को मिति ................को सार्वजनिक सूचना अनुसार शिवसताक्षी नगरपालिका .............नं. वडा ..............गाँउ/टोल स्थायी ठेगाना भएको श्री ...................................ले लागत साझेदारीमा ....................................कार्यक्रम संचालनका लागि सिफारिस पाँउ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाँचवुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेको र सोहि प्रकृतिको कार्यमा विगत ३ वर्ष भित्र कुनै अनुदान लिएको देखिन नआएकोले निजको प्रस्ताव छनौट प्रक्रियामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्ने
दस्तखतः
नामः
मितिः

शिवसताक्षी नगरपालिका, झापा

## अनुसूची ७
## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

क) सामान्य जानकारी

१. आवेदकको नाम:

२. स्थायी ठेगाना:

३. प्रस्तावित कार्यक्रमको नाम

४ कार्यक्रम संचालन स्थलको ठेगाना:

५. स्थलगत प्रमाणिकरण मिति:

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण:

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

ख) आवेदकको मूल्याङ्कन:

| क.सं | मूल्याङ्कनको सूचकहरु | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| **१** | ***भौतिक क्षमता*** | ३० | |
| १.१ | कार्याक्रम कार्यान्वयन स्थलको जग्गा वा भवनको स्वामित्व | | |
| १.२ | प्रस्तवित कार्यक्रम संचालन गर्न पर्याप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्मा विस्तारका लागि जग्गा उपलब्ध हुन सक्ने सम्भावना छ छैन | | |
| १.४ | वाढी पहिरोले क्षती नपुग्ने अवस्था छ छैन । | | |
| १.५ | कार्यक्रम कार्यान्वायन स्थलमा बाटो,पानी, बिजुलीको सुविधा छ छैन | | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त छ छैन | | |
| **२** | ***प्राविधिक क्षमता*** | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रम संग मेल खाने क्रियाकलापमा हाल संलग्नता छ छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ छैन | | |
| २.३ | आवेदन सम्बन्धित विषयको तालिम, अनुभव प्राप्त हो होइन | | |
| **३** | ***वित्तिय क्षमता*** | १५ | |
| ३.१ | आवेदक लागत साझेदारी गर्न सक्ने आर्थिक अवस्थामा छ छैन | | |
| ३.२ | साझेदारीका लागि बैंक मोज्दात वा संचालित कारोवारको बचत छ छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ छैन | | |
| **४** | ***वातावरणिय उपयुक्तता*** | १० | |
| ४.१ | प्रस्तावि कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय बासिन्दाबाट विरोभ नहुने अवस्था छ छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकरात्मक असर नपुग्ने अवस्था छ छैन | | |
| **५** | ***अन्य पक्षहरु*** | २० | |

| | | | |
|---|---|---|---|
| ५.१ | संस्था/व्याक्तिको व्यवसायिक कृयाशिलता छ छैन | | |
| ५.२ | दर्ता, नविकरण, अडिट र कर चुक्ता अद्यावधिक छ छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुनसक्ने अवस्था छ छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारीकरण हुन सक्ने अवस्था छ छैन । | | |
| **६** | ***स्थलगत टोलीको राय*** | १० | |
| ६.१ | प्रस्तावमा उल्लेखित कुरा र स्थालगत अवस्थाको विच समानता छ छैन | | |
| ६.२ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ छैन | | |
| जम्मा | | १०० | |

*नोटः उपरोक्त अनुसार स्थालगत प्रमाणिकरणका दौरान सकरात्मक अवस्था भेटिए ५ अंक र नकारात्मक अवस्था भेटिए ० अंक प्रदान गर्दा कुल ४० अंक प्राप्त गर्ने सफल प्रस्तावकको प्राथमिकिकरण गरिने छ । कुल ४० भन्दा कम अंक प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन ।*

ग) आवेदक संग विद्यमान भवन, सवारी साधन, ठुला मेशिनरी र उपकरणहरुको विवरणः

| क.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भएमा उल्लेख गर्नेः

१)

२)

३)

ङ) स्थलगत प्रमाणिकरण टोलीको रायः

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदक संग लागत साझेदारी गरी प्रस्तावित कार्य संचालन गर्न उपयुक्त हुन्छ/हुदैन भनी राय पेश गर्ने ।

| क.सं. | स्थालगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुदैन | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

# अनुसूची ८

## प्रस्ताव मुल्याङ्कन फारम

| क.सं. | मूल्याङ्कनका आधारहरु | भार( प्रतिशत) | प्राप्ताङ्क |
|---|---|---|---|
| ***१*** | ***संस्थाको उमेर र अनुभव*** | ***५*** | |
| १.१ | ३ वर्ष भन्दा घटि | १ | |
| १.२ | ३ देखि ५ वर्ष सम्म | २ | |
| १.३ | ६ देखि ८ वर्ष सम्म | ३ | |
| १.४ | ९ देखि ११ वर्ष सम्म | ४ | |
| १.५ | १२ वर्ष भन्दा वढि | ५ | |
| ***२*** | ***कार्यक्रम कार्यान्वियन स्थलको भौतिक पूर्वाधारको अवस्था*** | ***२०*** | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | बिजुली सुविधा भएको | २ | |
| २.३ | खानेपानी सुविधा भएको | २ | |
| २.४ | जग्गा आफ्नै भएको | ८ | |
| २.५ | आफ्नै स्वामित्को भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ४ | |
| ***३*** | ***प्राविधिक क्षमता/सम्बन्धि विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको)*** | ***१०*** | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | ४ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ६ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ८ | |
| ३.५ | ३ महिना भन्दा बढि अवधिको तालिम | १० | |
| ***४*** | ***वित्तिय क्षमता*** | ***४*** | |
| ४.१ | स्व लगानी गर्न सक्ने आधार भएको | २ | |
| ४.२ | अन्य निकायबाट सहयोग प्राप्त गर्न सक्ने अवस्था रहेको । | २ | |
| ***५*** | ***प्रत्यक्ष लाभान्वित संख्या*** | ***५*** | |
| ५.१ | ५ जना सम्म | १ | |
| ५.२ | ५ देखि १० जना सम्म | २ | |
| ५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| ५.४ | १६ देखि २० जना सम्म | ४ | |
| ५.५ | २१ भन्दा वढि | ५ | |
| ***६*** | ***वातावरणिय उपयुक्तता*** | ***६*** | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ३ | |
| ६.२ | वातावरणिय प्रभाव न्यूनिकरणका उपायहरु सामेल गरिएको । | ३ | |
| ***७*** | ***अन्य पक्षहरु*** | ***२०*** | |
| ७.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | संस्थको अवस्थिति र प्रस्तावित कार्यक्रम संचालन स्थल विचको तादम्यता | ५ | |
| ७.३ | कार्यविधि अनुसारका फर्मेट र अनुसूचीहरुको पालना | ५ | |
| ७.४ | भइरहेको व्यवसाय नभइ लगानी गर्न खोजिएको नया व्यावसाय | ५ | |
| ***८*** | ***स्वीकृत कार्यविधिका अनुसारका थप आधारहरु*** | ***२३*** | |
| ८.१ | सूचना मुताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |

शिवसताक्षी नगरपालिका, झापा

| | | | |
|---|---|---|---|
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.४ | व्यवसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.५ | नियमानुसारको दस्तुर वा टिकट टाँस | ३ | |
| ***९*** | ***पेश भएका विवरणहरुको विश्वसनियता*** | ***७*** | |
| ९.१ | आवश्यक कागजातहरुको संलग्नता | ५ | |
| ९.२ | स्थानीय बासिन्दाबाट विरोध नहुने प्रमाण | २ | |
| जम्मा | | १०० | |

*नोटः*

- *उपरोक्त अनुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्युनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटमा सामेल हुनेछन ।*
- *प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार मूल्याङ्कनका आधार र भारहरु परिमार्जन वा थपघट गरि सम्बन्धित कार्यलय प्रमुखबाट स्वीकृती गराई लागु गर्न सक्नेछ ।*

शिवसताक्षी नगरपालिका, झापा

अनुसूची ९

सम्झौता-पत्रको नमुना

शिवसताक्षी नगरपालिकाको आ.व. .............को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा ........................कार्यक्रम संचालन गर्नका लागि मिति ..................गते प्रकाशित सार्वजनिक सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस कार्यालयलको मिति........................को निर्णयबाट श्री ...........................को प्रस्ताव छनौट भएको हुँदा शिवसताक्षी नगरपालिका (यस पछिको प्रथम पक्ष भनिने) र श्री ......................... (यस पछि दोश्रो पक्ष भनिने)का बिच तपसिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सन्चालन गर्न मन्जुरभै यो द्विपक्षिय सम्झौता गरिदियौ/लियौ । इति सम्बत ...............साल...............महिना................गते...........रोज शुभम् ।

**तपसिल**

१. .............................कार्यक्रम शिवसताक्षी नगरपालिका वडा नं. ...............को ..................... गाउँ/टोलमा मिति .......................सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले ....................कार्यक्रम सन्चालनको लागि दोश्रो पक्षले पेश गरेको व्यवसाय योजना मुतावकि निम्न बमोजिमका कृयाकलापहरुका लागि अनुदान उपलब्ध गराउनेछ ।

| क.सं | कृयाकलापको विवरण | अनुमानित लागत रु | प्रथम पक्षले व्यहोर्ने रु | दोश्रो पक्षले व्यहोर्ने रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरेपी | | | | |

३. प्रथम पक्षले अनुदान रकमबाट नियमानुसारको कर कट्टी गरि बाँकी रकम दोश्रो पक्षको बैंक खातामा भुक्तानी दिनेछ ।

४. दोश्रो पक्षले स्वीकृत प्रस्ताव मुताविकको डिजाईन र लागत ईस्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्मपन्न गर्नु पर्नेछ ।

५. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्माण सम्बन्धि सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकिय कार्यहरु दोश्रो पक्षले गर्नेछ ।

६. प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिने सक्नेछ ।

७. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

शिवसताक्षी नगरपालिका, झापा

८. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना, सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होर्डिङ बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

९. कार्यक्रम संचालका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यसै कार्यविधि र प्रचलित कानून बमोजिम हुनेछ ।

११. प्रथम पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दापनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

***नोटः***

***द्विपक्षिय सम्झौतामा कार्यक्रमको प्रकृति अनुसारका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।***

| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
| --- | --- |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |
| **रोहवर** | |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

शिवसताक्षी नगरपालिका, झापा

अनुसूची - १०

दफा ७ को उप दफा १ सँग सम्बन्धित

कार्य सम्पादन प्रतिवेदन

१) शिर्ष पृष्ठ :

- संस्थाको नाम :
- ठेगाना :
- 
- पोन नं. :
- ई-मेल ठेगाना :
- प्रतिवेदन अवधि : चौमासिक/वार्षिक :
- प्रतिवेदन मिति :

२) विषय सूची :

३) साराशं :

४) परिचय :

५) मूख्य क्रियाकलाप र उपलब्धीहरु :

६) लागत साझेदारी विवरण :

७) कार्यक्रमको सामाजिक, आर्थिक, वातावरणीय प्रभाव :

८) अन्तिम अनुगमन/मुल्याङ्कन गर्ने पदाधिकारीहरु:

९) निष्कर्ष :

**आज्ञाले**

.................................

प्रमुख प्रशासकीय अधिकृत

शिवसताक्षी नगरपालिका, झापा